स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

“रातको समयमा अरु सवारीलाई बाधा हुने गरी High लाईटको प्रयोग गर्नुहोस् ।”

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



रेखा थापाले निर्माण गरेको फिल्म ‘उपहार’ शुक्रबार रिलिज हुँदैछ । यो फिल्ममा अभिनेत्री पूजा शर्माले ‘पूजा’ चरित्रमा अभिनय गरेकी छन् । ‘उपहार’मा आफूले निर्वाह गरेको भूमिका अन्य भन्दा फरक रहेको पूजाले दाबी गरेकी छन् । ‘फिल्ममा म गाउँबाट सहर झरेकी पूजा चरित्रमा छु । काठमाडौंमा बाँच्न र पैसा कमाउनका लागि कस्तो काम गर्दा रहेछन् भन्ने चरित्र मैले निभाएकी छु । भन्नाले उसले गलत बाटो पनि अपनाउँछ,’ उनले भनिन्, ‘अहिलेका टिनएजमा भइरहेको घटनालाई मेरो पात्रमार्फत देखाइएको छ ।’

आजको विचार...



सुशीला कार्की

विपन्न...
(दुई पेजमा)



दीपेन्द्र गौचनको लेखन तथा निर्देशनमा बन्ने फिल्म ‘केटी हराएको सूचना’मा नाजिर हुसेन र सृष्टि श्रेष्ठले जोडी बाँध्ने भएका छन् । सोमबार फिल्मको घोषणा गर्दै नाजिर र सृष्टिलाई शीर्ष भूमिकामा अनुबन्धित गरिएको जानकारी दिइएको हो ।

❑ वर्ष २९ ❑ अंक २१७ ❑ २०८० फागुन २२ गते मंगलबार 5 March 2024, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# देउवा–प्रचण्ड एक वर्षमै ‘डिभोर्स’

## टुट्यो सत्ता गठबन्धन, बन्यो माओवादी–एमाले सहितको सरकार

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन २१/नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको सम्बन्ध एक वर्षमै टुटेको छ । बालकोटमा बनेको गठबन्धन तोडेर १२ फागुन २०७९ मा ‘पुनर्मिलन’ भएका यी शीर्ष दुई नेताबिच एक वर्ष ९ दिनमै ‘डिभोर्स’ भएको हो ।

नेकपा (माओवादी केन्द्र) ले विभिन्न कारण देखाउँदै सोमबारदेखि नेपाली काँग्रेससँगको सहकार्य तोडेको छ । यससँगै काँग्रेस अब प्रमुख प्रतिपक्षीको कित्तामा पुगेको छ । गत फागुन १२ गते काँग्रेस, माओवादी, जसपा, एकीकृत समाजवादी, लोसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी मिलेर नयाँ समिकरण बनेको थियो । अन्तत: उक्त समिकरण एकाएक टुट्न पुग्यो । प्रधानमन्त्री दाहालले एमालेसहित अन्य दलहरुसँग सत्ता समीकरण बनाउन पुगेका छन् । राजनीतिमा अति ‘चलायमान’ प्रचण्डले कति बेला कोसँग सहमति गर्छन् भन्नै सकिदैन । त्यसैकारण पनि काँग्रेससहितको गठबन्धन ५ वर्ष नै ढुक्कले जान्छ भन्नेमा पहिले नै आशंका थियो । नभन्दै प्रचण्डले काँग्रेससँगका विभिन्न कारण देखाउँदै देउवासँगको सम्बन्ध तोड्न पुगे । हुन त सम्बन्ध जोड्नु र तोड्नु नेपाली राजनीतिमा प्रचण्डको यो नौलो हैन । यस अघि पनि एमाले अध्यक्ष केपी शर्मा ओलीसँगको सम्बन्ध दुई महिनामै टुटेको थियो । बालकोटको बार्दलीमा गत पुस १० गते ‘पुनर्मिलन’ भएका शीर्ष दुई नेता राष्ट्रपति निर्वाचनको उम्मेदवारी दर्तासम्म आइपुग्दा ‘बिछोडिएका’ थिए । दाहाल एमालेसहित १ सय ६९ सांसदको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका थिए । त्यसबेला कांग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री पद दिन अस्वीकार गरेपछि दाहाल ओलीसँग पुन: सम्बन्ध गाँस्न पुगे । तब एमालेसहित सात दलको नयाँ गठबन्धन बनेको थियो । त्यस क्रममा माओवादीबाट दाहाल प्रधानमन्त्री र राष्ट्रपति एमालेलाई दिने ‘सहमति’भएको थियो । तर, उक्त सहमति विपरीत दाहालले राष्ट्रपतिमा कांग्रेस नेता रामचन्द्र पौडेललाई साथ दिए । बालकोटमा बनेको गठबन्धन तोडेर दाहालले फेरी गत फागुन १२ गते काँग्रेससहितको सात दलको नयाँ समीकरण बनाए । दाहाल साढे २ वर्ष, डेढ वर्ष शेरबहादुर देउवा र माधवकुमार नेपाल एक वर्ष प्रधानमन्त्री हुने गरी सहमति बनेको थियो । अन्नत: प्रचण्डले त्यो सहमति मात्र तोडेनन्, गठबन्धन नै गर्ल्यामै ढलाए ।



सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको माओवादी केन्द्रको पदाधिकारी बैठकले वर्तमान सत्तारुढ गठबन्धनको अन्त्य गर्दै नयाँ गठबन्धन बनाएर अगाडि बढ्ने निर्णय गरेसँगै राजनीतिक कोर्ष नै परिवर्तन भएको छ । संक्रमणकालिन न्याय तथा राष्ट्रियसभा अध्यक्षको विषयमा नेकपा एमाले र माओवादी केन्द्रका बिचमा सहमति भए पछि कांग्रेससँगको गठबन्धन भत्किएको हो । प्रचण्डले सोमबार माओवादी–एमालेसहितको नयाँ गठबन्धन बनाएका छन् । नयाँ गठबन्धनसँगै एमाले, माओवादी र राष्ट्रिय स्वतन्त्र पार्टीबाट एक जना मन्त्री समेत बनेका छन् । पुनर्गठित मन्त्रिपरिषद्का तीन मन्त्रीले शपथ समेत लिएका छन् । माओवादीबाट हितबहादुर तामाङ, एमालेबाट पदम गिरी र राष्ट्रिय स्वतन्त्र पार्टीबाट डीपी अर्याल विना विभागी ले मन्त्रीको शपथ लिएका छन् । नयाँ गठबन्धनमा एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी, उन्मुक्तिसहित नयाँ गठबन्धनको सरकार बन्ने छन् । सभापति शेरबहादुर देउवाले पार्टी प्रवक्ता एवं अर्थमन्त्री डा.प्रकाशशरण महतलाई अन्तिमसम्म बोकेपछि सत्ता गठबन्धन ढलेको धेरैले विश्लेषण गरेका छन् । प्रधानमन्त्री प्रचण्डले अर्थमन्त्री महतसँग पहिलेदेखि नै असन्तुष्ट हुँदै आएका थिए । उनले मंसिरदेखि नै मन्त्रिमण्डल पुनर्गठन गर्ने बताउँदै आएका थिए । त्यतिबेला काँग्रेस सभापति देउवाले नै राष्ट्रिय सभाको निर्वाचनसम्म मन्त्रिमण्डल हेरफेर नगर्न भन्दै आएका थिए । त्यसपछि फेरि देउवाले काँग्रेस महासमिति बैठकसम्म कुर्न आग्रह गरेका थिए । एकातिर कांग्रेसबाट सरकारमा गएका मन्त्रीहरुको रिपोर्ट कार्ड राम्रो नहुनु र अर्कातिर प्रचण्डसँगै अर्थमन्त्रीको राम्रो सम्बन्ध नहुनाका कारणले पनि प्रचण्ड चिँढिदै आए । काँग्रेस महासमितिको बैंठक सकिएपछि पनि देउवाले अर्थमन्त्री महतलाई लगानी सम्मेलनसम्म काम गर्न दिन प्रचण्डसँग आग्रह गरेका थिए । देशको अर्थतन्त्रमा कुनै पनि सुधार हुन नसकेको अवस्थामा अर्थमन्त्री महतले सुधार भएको अभिव्यक्ति दिदै आउनु र परिणाम कुनै नदेखिएपछि प्रचण्ड पूरै मन्त्रीहरु परिवर्तन गर्ने दाउमा थिए । तर पनि देउवाले अन्तिम समयसम्म अर्थमन्त्री महतको काँध थापेपछि कांग्रेस नै गठबन्धनबाट टाढिन पुगेको हो । त्यति मात्र होइन राष्ट्रिय सभा निर्वाचनमा कोशी प्रदेशमा माओवादी केन्द्रको उम्मेदवारलाई हराउनु, काँग्रेस महासमिति बैठकमा जनयुद्धलाई गलत ढङ्गले टिप्पणी गर्नु र हिन्दु राष्ट्रको पक्षमा वकालत गर्नुले पनि कांग्रेस–माओवादी गठबन्धन टुट्न बल पुगेको अनुमान गर्न सकिन्छ । सीमित स्वार्थका लागि देउवाले पार्टीलाई क्षणभरमा प्रतिपक्षमा धकेलेको भन्दै चर्को आलोचना समेत भइरहेको छ ।

### सक्षिप्त समाचार

## राष्ट्रिय सभाका सदस्यले लिए शपथ

**पाल्पा,** फागुन २१/राष्ट्रिय सभाका नवनिर्वाचित सांसदहरूले शपथ लिएका छन् । राष्ट्रिय सभाकी उपाध्यक्ष उर्मिला अर्यालले नवनिर्वाचित १९ जना सांसदहरुलाई पद तथा गोपनीयताको शपथ खुवाएकी हुन् ।

राष्ट्रिय सभा सदस्यका १९ पदका लागि गत माघ ११ गते निर्वाचन भएको थियो । आइतबारदेखि राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित ६ वर्षे कार्यकाल सकिएका २० जना सांसदलाई बिदाइ गरिएको थियो । रिक्त गत माघ ११ गते २० जनाको पदमध्ये १९ जना निर्वाचनमार्फत निर्वाचित भएका हुन् । एक जना भने मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुन बाँकी नै छ । राष्ट्रिय सभामा नयाँ सदस्यहरूमा रुकमिणी कोइराला, कृष्णप्रसाद सिटौला, पूजा चौधरी, आनन्दप्रसाद ढुंगाना, विष्णुदेवी पुडासैनी, जितजंग बस्नेत, मनरुपा शर्मा, पदमबहादुर परियार, किरणबाबु श्रेष्ठ, विष्णुकुमारी सापकोटा, झक्कुप्रसाद सुवेदी, सावित्री मल्ल, विष्णुबहादुर विश्वकर्मा, कृष्णबहादुर रोकाय, रेनु चन्द, नारायणदत्ता भट्ट र बलदेव बोहरा रहेकी छिन् । १९ सदस्यका लागि भएको निर्वाचनपछि राष्ट्रिय सभामा माओवादी केन्द्र पहिलो दल बनेको छ ।

## संघीय निजामती सेवा विधेयक संसदमा दर्ता



**पाल्पा,** फागुन २१/संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रतिनिधि सभामा दर्ता भएको छ । सोमबारको प्रतिनिधि सभामा संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता देवीले कर्मचारीको सेवा सर्त र सुविधा सम्बन्धी कानुनलाई संघीयता अनुरुप सञ्चालन व्यवस्थापन गर्न विधेयक दर्ता गराएकी हुन् ।

संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेको तलब भत्ता, कर्मचारी सञ्चय कोष, बिमा, उपचार खर्च, चाडपर्व खर्च, उपदान, निवृत्तिभरण, पारिवारिक निवृत्तिभरण र उपदान, बेपत्ता भएको कर्मचारीको निवृत्तभरण र उपदान, पारिवारिक निवृत्तिभरण सम्बन्धी विशेष व्यवस्था, योगदानमा आधारित निवृत्तिभरण र निजामती कर्मचारीको सेवा शर्तको सुरक्षा लगायतका प्रस्तावित व्यवस्था हाल प्रचलनमा रहेको निजामती सेवा ऐन, २०४९ मा रहेका कानूनी प्रावधानको निरन्तरताको रुपमा राखिएको छ । प्रतिनिधिसभाको सोमबारको बैठक सूचना टाँगेर स्थगित गरिएको छ । सत्ता गठबन्धनमा आएको फेरबदलले बैठक बस्न असहज भएपछि सूचना टाँगेर स्थगित भएको हो । विशेष परिस्थितिका कारण प्रतिनिधि सभाको बैठक फागुन २४ गते बिहीबार बिहान ११ बजेका लागि सूचना टाँसेर स्थगित गरिएको छ ।

## वैदेशिक रोजगारीबाट फर्की झाडी फाडेर सुन्तला खेती

**गलकोट (बागलुङ),** फागुन २१/ बीस वर्ष वैदेशिक रोजगारीमा बिताएका बागलुङ नगरपालिका–८ सिगाना सायकोटका ईन्द्रबहादुर कार्कीले गाउँ फर्केर सुन्तला खेती थालेका छन् । गाउँमा खाद्यबाली लगाउने परिपाटी घट्दै गएपछि बाँझिन थालेको पाँच रोपनी बारीमा सुन्तलाखेती थालेका कार्की अहिले खेतीयोग्य जग्गाको झाडी हटाउने अभियानमा छन् ।



लामो समय वैदेशिक रोजगारीमा गएर गाउँ फर्केर आउँदा युवा पलायनका कारण अधिकांश खेतीयोग्य जग्गामा झाडी पालाएको देखेपछि झाडी फाडेर कार्कीले सुन्तला खेती विस्तार गर्न थालेको बताए । पहिलो चरणमा ८० सुन्तलाका र ४० कागतीका बिरुवा रोपेको बताउँदै उनले सुन्तला खेतीलाई विस्तार गरी १५ रोपनीमा पुर्‍याउने लक्ष्य रहेको सुनाए । कार्कीको नेतृत्वमा उनको जग्गा मात्रै होइन सायकोटका अन्य स्थानीयवासीको जग्गामा रहेका झाडी तथा रुख हटाउने कार्यले तीव्रता पाएको छ । अहिले सायकोट क्षेत्रको पाँच सय रोपनी भन्दाबढी खेतीयोग्य जग्गामा रहेका झाडी हटाउने काम भइरहेको छ । ‘केहीवर्ष भारतमा बिताएँ । १५ वर्ष साउदीमा रोजगारी गरेँ । अहिले गाउँ फर्केर आउँदा उराठ लाग्दो अवस्था रहेछ, गाउँमा रुख बिरुवाले खेतीयोग्य जग्गा ढपक्कै ढाकेको छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नवजनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## निर्यातले बढाएको खुसी

नेपालमा अधिकांस वस्तुहरु बाहिरबाट आयात भइरहेको बेला सिमेन्ट र विजुली निर्यातले केही खुसी दिएको छ । खाद्यान्नदेखि हरेक वस्तु पूर्ति गर्न छिमेकी र अन्य देशमा भर पर्नुपर्ने नेपालको नियति छ । जसका कारण व्यापार घाटा बढाउन सघाएको छ । व्यापार घाटाका हिसाबले मात्र हैन, भ्रष्टाचारले पनि उत्तिकै आक्रान्त छ मुलुक । यस्तो अवस्थामा सिमेन्ट र विजुली निर्यातको बढ्दो ग्राफले भने केही आशा जगाएको छ । चालु आर्थिक वर्षको सात महिनामा अघिल्लो आर्थिक वर्षको यही अवधिको भन्दा सात गुणाले नेपाली सिमेन्ट निर्यात बढ्नु सकरात्मक खबर हो । आर्थिक वर्ष २०८०/८१ को पहिलो सात महिनामा दुई अर्ब ६ करोडको सिमेन्ट र क्लिंकर भारत निर्यात भएको छ । जबकि अघिल्लो एक वर्षमा ७७ करोड ९३ लाखको मात्र निर्यात भएको थियो । नेपालले विद्युत निर्यातमा समेत फड्को मारेको छ । विगतमा ठूलो मात्रमा विजुली आयात गर्दै आएको नेपालले पछिल्लो केही समय यता भने निर्यात गर्न थालेको छ ।

नेपाल विद्युत प्राधिकरणले चालु आर्थिक वर्षको पहिलो ६ महिनामा मात्र १३ अर्ब ३८ करोड ५६ लाखको विद्युत भारतलाई बेचेको छ । सोही अवधिमा १ अर्ब ९८ करोड ६२ लाखको विद्युत मात्र आयात भएको छ । प्राधिकरणको सो तथ्यांकले कालो बादलमा चाँदीको घेरा देखाएको छ । सरकारले कैयौंपटक प्राधिकरणको अर्बौंको घाटालाई अपलेखन गर्दै सामान्य बनाउने प्रयास गरे पनि प्राधिकरणले खर्च धान्न सक्ने स्थिति थिएन । विद्युत आपूर्ति बढेसँगै प्राधिकरणको वित्तीय अवस्थामा सुधार हुँदै गएको हो । प्राधिकरणको नाफा वृद्धि र भारतमा विद्युत निर्यात बढेको पृष्ठभूमिमा प्राधिकरणको वित्तीय स्वास्थ्यमा सुधार मात्रै भएको छैन, नेपालको व्यापार घाटा न्यूनीकरणमा पनि सहयोग पुगेको छ । सम्पूर्ण आर्थिक सूचकहरू नकारात्मक देखिएका बेला सिमेन्ट र विजुली निर्यातले देखाएको यो हिसाब सकारात्मक संकेत हो । उत्पादन र व्यापार रणनीति ठिक भए भोलि उज्यालो दिन छ है भन्ने संकेत गर्नु सकारात्मक पक्ष हो । उसै त नेपालको निर्यात व्यापार चिन्तालाग्दो छ । बढ्दो आयातले मुलुकको आर्थिक अवस्थामा अत्यन्त कमजोर भइरहेका बेला यी दुई वस्तुको निर्यातमा देखिएको तथ्यांक पक्कै पनि आशाको सञ्चार गराउन काफी छ । यसलाई निरन्तरता दिन सकियो भने पनि मुलुकको आर्थिक अवस्था कमजोर हुने थिएन ।

### Opinion @ Social Network

कसैले तिमीलाई आफू भित्र देख्छ, पाउछ र तिमीले पनि उसलाई तिमी भित्र पाउँछौ भने सम्झ त्यो सम्बन्धको स्वाद जीवन भर मिलिरहनेछ ।

*(सन्तोष रानाको फेसबुक स्टाटसबाट https://www.facebook.com//santosh.rana.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विपन्न र सीमान्तकृत महिला किन पछि परेका छन् ?



सुशीला कार्की

यसवर्ष सन् २०२४ को अन्तर्राष्ट्रिय नारी दिवसको सन्दर्भमा, यो अभियानले विश्वसमक्ष घोषणा गरेको नारा हो, 'समावेशीलाई प्रेरित गर्नू ।' संयुक्त राष्ट्र संघबाट यो वर्षका निम्ति नारी हकमा एउटा भावी परिवर्तनको कल्पना गर्दै कोरिएको छ- 'कल्पना गरौं, एउटा लैङ्गिक समानता भएको संसार, एउटा संसार जुन पक्षपात, लकिरको फकिर, र भेदभावरहित हुन सकोस्, एउटा संसार जहाँ विविधता, समन्याय र समावेशीता कायम रहन सकोस् । एउटा संसार जहाँ असमानताबारेमा मूल्याङ्कन होस् र तिनै कुरा ठहर पनि गरियोस् ।' यसरी हामी संयुक्तरूपमा एकसाथ सबै मिलेर महिला समानतालाई कायम गर्न सकौं । अन्तर्राष्ट्रिय नारी दिवसको आफ्नो अलग इतिहास छ । सन् १९०८ मार्च ८ तारिखको दिन अमेरिकाको एउटा कपडा उद्योगका कामदार महिलाहरूले बाल श्रमिक, महिला श्रमिकको स्वास्थ अवस्था, कामको समय सीमा, समान वेतन र मतदानको अधिकारको सवालमा विरोधस्वरूप न्यूयोर्क शहरमा मार्च पास गरेका थिए । यसरी अमेरिकाको सोसलिस्ट पार्टीले २८ फेब्रुअरी १९०९ मा सर्वप्रथम नारी दिवस आयोजना गर्यो । सोसलिस्ट पार्टीले सन् १९०८ को त्यस कपडा उद्योगका महिला कामदारहरूका आन्दोलनको स्मरणमा २८ फेब्अरी १९०९ को दिनलाई राष्ट्रिय महिला दिवसको रूपमा अमेरिकामा मनाएका थिए । यसपछि यसलाई फेब्रुअरी महिनाको अन्तिम आइतबारको दिन पारेर मनाइन थालियो । यसरी सन् १९१० मा सोसलिस्ट इन्टरनेसनलको दोस्रो महिला सम्मेलन डेनमार्कको राजधानी कोपेहेगेनमा भयो । त्यही सम्मेलनमा 'अन्तर्राष्ट्रिय महिला दिवस'को घोषणा गरियो । त्यस समयको प्राथमिकता महिलाहरूलाई मताधिकार दिलाउनु थियो । त्यो समयमा महिलालाई मत दिने अधिकार कतिपय मुलुकहरूमा बहाल थिएन ।

कोपेहेगेनको सन् १९१० को सम्मेलनमा अमेरिकी महिला प्रतिनिधिहरू र जर्मनीका प्रतिनिधिमध्येमा ल्कारा जेटकीन, केट डून्कर, पौला थिएडेको सरसल्लाह, छलफल र प्रेरणाबाट हरेक वर्ष महिला दिवस मनाउने घोषणा गरिएको थियो । त्यस सम्मेलनले ८ मार्चलाई नारी दिवस कायम गरिने निर्णय गर्यो । अमेरिकामा सन् १९०८ को आठ मार्चमा भएको कपडा उद्योगका महिला श्रमिकहरूको विरोध प्रदर्शनका दिन स्मरण गर्दै कायम गरेको हो । यसपछि अन्तर्राष्ट्रिय नारी वर्षको रूपमा संयुक्त राष्ट्र संघले सन् १९७५ देखि मनाउन सुरु गरेको थियो । साथै यो वर्षलाई अन्तर्राष्ट्रिय महिला वर्षको रूपमा घोषणा गरेको पनि हो । सन् १९७७ मा संयुक्त राष्ट्र संघको साधारण सभाले सदस्य राष्ट्रहरूलाई निम्त्याउँदै ८ मार्चको दिनलाई विधिवत् महिलाहरूको अधिकार र विश्व शान्तिको निम्ति यूएन होली डे (बिदाको दिन) भनी घोषणा गरेको थियो । यतिखेर अन्तर्राष्ट्रिय नारी वर्ष प्रत्येक वर्ष ८ मार्चको दिनमा मनाइने गरेको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा यो दिवस संसारको अधिकांस मुलुकहरूमा हर्ष र उल्लासको साथ मनाइने गरेको छ । नेपालले पनि सन् १९७५ को अन्तर्राष्ट्रिय नारी दिवसलाई भव्यताको साथ मनाएको थियो । यसरी महिला अधिकार स्थापित गर्ने हेतुले २०३३ सालमा मुलुकी ऐनमा छैठौं संसोधन गरी महिला अधिकारलाई केही खुकुलो पारिएको हो । यसपछि पनि मुलुकी ऐनमा महिला अधिकार स्थापनाका हकमा पटक-पटक संशोधन भएका हुन् । २०५८ सालको ११औं संशोधन, केही लैङ्गिक समानतासम्बन्धी संशोधन २०६३ र २०७२ को संशोधनपछि पनि व्यापक संशोधनहरू भएका छन् । सर्वोच्च अदालतबाट बारम्बार महिला हक स्थापित हुने गरी विभिन्न रिटहरू र मुद्दाहरूको फैसलाहरूका सन्दर्भमा न्याय निरोपण गरिँदै महिला अधिकारहरूको स्थापना गरिएको हामी पाउँछौं । यसका अतिरिक्त मुलुकी देवानी-संहिता र मुलुकी फौजदारी संहिता २०७४ मा महिलाहरूका अधिकारहरूमा व्यापक हेरफेर भएको पाउछौं । महिला अधिकारको स्थापना निम्ति नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलन हुने महासन्धिमा नेपालले २०४७ सालमै हस्ताक्षर गरेको थियो । उक्त महासन्धिमा हस्ताक्षरपश्चात् नेपालमा महिलासम्बन्धी हक अधिकार राख्दै कानुनहरूमा उक्त महासन्धिअनुरूप संशोधन वा निर्माण भएका छन् ।

अन्तर्राष्ट्रिय नारी दिवस ८ मार्चबारेमा चर्चा गरिँदा के भनिन्छ भने यो, त्यो दिन हो, जहाँ महिलाहरूले आफ्नो उपलब्धि प्राप्तिका निम्ति राष्ट्रियता, जातीयता, भाषा, संस्कृति, आर्थिक र राजनीतिक कुराको विभाजनविना नै पहिचान पाउने छन् । महिला दिवसको सुरुवातदेखि नै महिलाहरूले विश्वमा चाहे विकासोन्मुख मुलुक हुन् वा विकासशील राष्ट्र हुन्, तिनको आयाम बन्न सुरु भएको हो । नेपाली महिलाहरूको वर्तमान अवस्थाको विकास सूचकाङ्क सन्दर्भमा सामान्य चर्चा गर्दा के देखिन आएको छ भने सन् २०२३ सम्मका आँकडा मूल्याङ्कन गरेर हेर्दा महिलाको जनसंख्या २०७८ सालको जनगणना अनुसार ५१.०४ प्रतिशत छ र पुरुषको जनसंख्या ४८.९६ प्रतिशत कायम छ । सन् २०२३ को आँकडाअनुसार शिक्षामा महिलाको प्रतिशत ६९.४ प्रतिशत र पुरुषको प्रतिशत ८३.६ प्रतिशत कायम छ । रोजगारीको हकमा निजामती सेवामा हाल जम्मा ८८,६५७ को संख्या रहेकामा महिलाको हकमा २६.५८ प्रतिशत कायम छ । २०७८ कै जनगणना अनुसार महिलाको उपस्थिति कृषि क्षेत्रमा ७४% छ, तर भूमिमा महिलाको स्वामित्व भने बढ्दै गएर ३४.४ कायम हुन पुगेको देखिएको छ । तथापि नेपालको संविधान २०७२ ले संसदमा ३३ प्रतिशतको अनिवार्य उपस्थितिलाई कायम गरेको छ । यो अनिवार्य उपस्थितिको बाध्यताले गर्दा हालैको आमनिर्वचनपछि संसद्मा ११२ जना महिलाहरू अर्थात् ३३.५३ प्रतिशत महिला प्रतिनिधिहरूको उपस्थिति रहन सम्भव भएको हो । तथापि संविधानले जुन किसिमको समावेशी र समानुपातिकको अवधारणा राखेको देखिन्छ, त्यसअनुरूप महिलाको उपस्थिति सरकारी सेवामा, राजनीतिमा, व्यक्तिगत क्षेत्रका सेवाहरूमा वा अन्य कुनै पनि क्षेत्रमा अनुपातिक रूपमा उपस्थिति हुन सकेको पाइँदैन । तसर्थ, नेपालमा महिला वर्गको कूल जनसंख्याको चार खण्डमध्ये तीन खण्ड बेरोजगार छन् । विपन्न छन् । प्रताडित छन् । रोजगार भए पनि तिनको निजी हक कायम हुन सम्भव हुँदैन । महिलाले पढे पनि नपढे पनि रोजगारी गरे पनि नगरे पनि परिवारिक घर व्यवहारको भारलाई वहन गर्ने कष्ट गर्नैपर्छ । कृषि र मजदुरीमा संलग्न हुने महिलाहरूको पारिश्रमिक जति कष्ट गरेर आर्जन गरेको भए पनि तिनको निजी हुन सक्दैन । अर्कातर्फ तिनको परिश्रमको मूल्य कहिले कायम हुँदैन । यो अवस्था हुने पर्ने मूलकारण हो, महिलाहरूमा शिक्षाको अभाव हुनु । अक्षरको ज्ञानसम्म भए पनि रोजगारमूलक शिक्षाको अभाव रहनु हो । नेपालमा शिक्षित महिलाको प्रतिशत ६९.४ प्रतिशत छ । तर यो दर अक्षर पहिचान गर्नेहरूसम्म हो । उच्च शिक्षा हासिल गर्ने महिलाको प्रतिशत न्यून छ । त्यही न्यून संख्यामा रहेका महिलाहरूको प्रतिशतले पनि जम्मैले रोजगारी पाउन सकेको देखिँदैन । यसकाकारण हो, सेवा रोजगारीहरूमा समानुपतिक समावेशी पद्धतिलाई नअपनाइनु । एकातिर महिलाहरूको कम प्रतिशत शिक्षित रहनु र अर्कातर्फ सरकारले समानुपातिक समावेशी पद्धतिको अवलम्बन नगर्नु । यसकारणवाट पनि महिलाहरू रोजगारीबाट बञ्चित छन् ।

यस अतिरिक्त महिलाहरू चाहे धनी वर्गका हुन् वा गरिब वर्गका किन नहुन् सामाजिक परम्परा, रीतिरिवाज र भेदभावकाकारण अझै पनि अधिकांस समाजमा पीडित छन् । विपन्न तथा सीमान्तकृत महिलाहरूको संख्या यस अर्थमा पनि अधिक छ । तिनीहरू पिछडिएका छन्, विकासको मूल धारभन्दा टाढा छन् र तिनले अरु पीडा खप्नुपर्ने हुन्छ । प्रथमत: शिक्षाको अभावमा महिलाहरूको यो ठूलो समूहमा चेतनाको अभाव छ । तिनलाई जीवन कसरी निर्वाह गर्ने त्यसको जानकारी हुँदैन । कसैले शोषण आफूमाथि गर्दैछ भन्ने कुराको अड्कल पनि तिनले हतपत लगाउन सक्दैनन् । राज्यबाट प्राप्त हुने साना-साना सुविधाबाट पनि तिनीहरू विमुख हुन पुग्छन् । यसका अतिरिक्त कानुन र संविधानले प्रदत्त गरेको हक अधिकारबारे तिनलाई जानकारी हुँदैन । सानो उमेरमा बिबाह हुनु, असमयमा सन्तान हुनु, घर परिवारको कामको सम्पूर्ण दायित्वको भारी खेप्नु, पेटभरि खान नपाउनु, भोक भोकै बाँच्न बाध्य हुनु, तिनको दिनचर्या हुन पुग्छ । कतिको परिवारले त्यागी दिने वा स्वयम् त्यागन बाध्य हुनुपर्ने अवस्था पर्छ । त्यस्तो समयमा सन्तानको मायाले तिनलाई अभावमा पनि काखी च्याप्न बाध्य हुनुपर्ने अनि छाक्छाकै आफू भोकै बसेर तिनको पेट भर्नुपर्ने बाध्यता आएको देखिन्छ । अर्कातिर समाजले जहिले पनि महिलाले आत्मनिर्भर बन्न खोज्दा जहिले पनि तिनको चरित्रमाथि प्रश्न उठाउने गर्छ । गरिब र सीमन्तकृत वर्गका महिलाहरूमा ठूलो आंकाक्षा हुँदैन । सानो सहयोग वा सानो मद्दत पाए पनि तिनले आफ्नो जीवनलाई सुखी र खुसी तुल्याउन सक्नेछन् । हाम्रो संविधानको धारा ४२ मा सामाजिक न्यायको हकको प्रवधान छ, जहाँ जाति जनजाति, पिछडिएका वर्ग, अपाङ्ग र विकलाङ्गहरूलाई राज्यको सबै निकायहरूमा समावेशी सिद्धान्त अनुरूप समावेश गर्ने उल्लेख छ । लोप हुन लागेका जाति आदीवासी समुदाय, जनजातीलाई शिक्षा, स्वास्थ्य, बसोवास, नियुक्ति, खाद्य र सामाजिक सुरक्षा प्रदान गर्ने व्यवस्था छ । किसानलाई पनि बिजन मलको सुविधा र सहयोग गर्ने व्यवस्था देखिन्छ । तर यी प्रावधानहरूलाई कानुन बनाएर लागू गर्ने प्रयास गरिँदैन । तत्काल यी संविधानका प्रावधान लागू हुने अवस्था पनि देखिएको छैन । यही व्यवहार सरकाको रहिरहने हो भने ती सीमान्तकृत, विपन्न र विकासका पूर्वाधारभित्र समावेश नरहेका ठूलो जनसख्याका नेपाली महिलाहरूको विकास कहिल्यै पनि हुने देखिँदैन । शहर र नगर क्षेत्रमा वसोवास गर्ने महिलाहरूको ग्रामीण क्षेत्रमा बस्ने महिलाहरूको अनुपातिक तुलनामा केही राम्रो स्थिति देखिएको छ । हाम्रो ग्रामीण क्षेत्रमा ७० प्रतिशत महिलाहरूको बसोवास छ । अधिक सख्यामा विपन्न र गरिब महिलाहरूको बसोबास पनि ग्रामीण क्षेत्रमै छ । त्यसो हुँदा महिला वर्गको समूल विकास हुन ग्रामीण क्षेत्रमा नै केन्द्रित हुन जरुरी छ । संयुक्त राष्ट्र संघको आह्वान पनि जाति जनजाती, पिछडा, सीमान्तकृत, विपन्न वर्गका महिलाहरूलाई विकासको मूलधारमा ल्याउने हो ।

हाम्रो मुलुकको परिपाटी हेर्दा थोरै सहयोग गर्ने अनि बढी प्रचार गर्ने एउटा दुर्गुण छ । अर्को विकासका प्रत्येक योजना र बितरणहरूमा राजनीतिकरण गरिन्छ । स्थानीय निकायमा जुन दल सम्बद्धले जितेको छ, तिनका मतदाताले मात्र विकास योजनाका लाभ पाउने गर्छन् । त्यसमाथि यति भ्रष्टाचार छ कि विकास योजनाका खर्चहरू माथिदेखि तलसम्म पुग्दासम्म वास्तविक योजना कार्यान्वयन गर्ने कार्यको हकमा दश प्रतिशत पनि खर्च हुँदैन । महिलाहरूको शिक्षा, पेशा रोजगार, खाद्यान्नको हक, बसोबासदेखि लिएर संविधान प्रदत्त धारा ४२ मा भएको न्यायको हक कार्यान्वयन नहुनुका मूल कारण यिनै हुन् ।

*-बाह्रखरी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला । सफलता मिल्नेछ । | **तुला** :राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । कार्यमा सफलता मिल्नेछ । |
| **वृष** :आफन्तको सहयोग मिल्नेछ । सांस्कृतिक क्षेत्रमा रुची बढ्नेछ । | **वृश्चिक** : प्रेममा खिन्नता बढ्न सक्छ । निरासा र आलस्य आउला । |
| **मिथुन** : व्यावसायिक काम राम्रै हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **धनु** : विभिन्न अवसर प्राप्त हुनेछ । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ । |
| **कर्कट** : सौन्दर्यतामा धन खर्च हुनेछ । साँझपख शुभ समाचार आउन सक्छ । | **मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । कामहरु अगाडी बढ्नेछन । |
| **सिंह** : श्रमको उचित मुल्यांकन हुनेछ । महिला वा मित्रबाट सहयोग मिल्नेछ । | **कुम्भ** : कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग रहेको छ । |
| **कन्या** : काममा सफलता मिल्नेछ । माया प्रेममा सामिप्यता बढेर जानेछ । | **मीन** : बिलाशी बस्तुको प्रयोग गर्न पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ । |

## जना प्रविधि

# ह्वाट्सएपमा म्यासेज खोज्न आयो नयाँ फिचर




मेटाले ह्वाट्सएपमा नयाँ सुविधा समावेश गरेको छ जसले प्रयोगकर्ताहरूलाई म्यासेजहरू खोज्न पहिलेभन्दा सजिलो बनाउनेछ । यो नयाँ फिचर मार्फत प्रयोगकर्ताहरूले मिति प्रविष्ट गरेर सिधैं सन्देशहरू खोज्न सक्नेछन् । यसले गर्दा उनीहरूले निश्चित सन्देश फेला पार्न धेरै च्याटहरू खोज्नुपर्दैन । ह्वाट्सएपको 'सर्च बाइ डेट' फिचर सबै प्लेटफर्महरूमा उपलब्ध गराइएको छ र तपाईं यसलाई प्रयोग गर्न सुरु गर्न सक्नुहुन्छ ।

ह्वाट्सएपको यो नयाँ 'सर्च बाइ डेट' फिचर मार्फत प्रयोगकर्ताहरूले अब मिति चयन गर्न सक्छन् र त्यो मितिबाहेक पठाइएका बाँकी म्यासेजहरू स्किप गर्न सक्छन् । यो सुविधा प्रयोग गर्न तपाईंले कुनै पनि समूह वा च्याट खोल्नु पर्नेछ । यसपछि तपाईंले उक्त प्रोफाइलमा क्लिक गर्नुपर्नेछ । प्रोफाइल खोल्ने बित्तिकै प्रयोगकर्ताहरूले बायाँ छेउमा खोज विकल्प देख्नेछन् । सर्चमा गएपछि प्रोफाईलको दायाँ छेउमा क्यालेन्डर आइकन देखिनेछ । तपाईंले यसमा ट्याप गर्ने बित्तिकै क्यालेन्डर खुल्नेछ । अब तपाईंले मिति चयन गर्नुपर्छ । यसो गर्नाले त्यो मितिका सबै सन्देशहरू तपाईंले देख्नुहुनेछ । यो सुविधा अब एन्ड्रोइड उपकरणहरूको लागि रिलिज गरिएको हो । आईओएस, म्याक डेस्कटप र ह्वाट्सएप वेबको लागि पहिले नै उपलब्ध छ । मेटाका सीईओ मार्क जुकरबर्गले आफ्नो ह्वाट्सएप च्यानलमा एक भिडियो शेयर गरेर यो सुविधाको घोषणा गरेका हुन् । अहिलेसम्म म्यासेजहरू खोज्नका लागि तपाईंले ह्वाट्सएपमा किवर्डहरू प्रविष्ट गर्नुपर्ने थियो । तर अब क्यालेन्डर विकल्पको साथ सन्देशहरू खोजी गर्न अझ सजिलो भएको छ । सन्देशहरू बाहेक साझा गरिएका मिडिया, लिङ्कहरू र कागजात फाइलहरू पनि च्याटमा खोज्न सकिन्छ ।

*-रातोपाटी डटकम*

# टिकटकले बनायो नेपाली 'कन्टेन्ट फिल्टर' गर्ने प्रणाली




छोटो भिडियो सेयरिङ प्लेटफर्म टिकटकले नेपाल सरकारको 'गाइडलाइन' अनुसार 'कन्टेन्ट फिल्टर' गर्ने प्रतिबद्धता जनाएको छ । प्रतिबद्धता अनुसार परीक्षणका क्रममा 'कन्टेन्ट फिल्टर' भएमा टिकटकमाथिको प्रतिबन्ध हटाउने सरकारको तयारी छ । सामाजिक सद्भाव भड्काउने काम भएको निष्कर्ष निकालेको सरकारले गत कार्तिक २७ गते टिकटकमाथि प्रतिबन्ध लगाएको थियो । सरकारले टिकटकलाई अश्लील, हिंसा एवं सामाजिक सद्भाव भड्काउने सामग्री रोक्न आग्रह गरेको थियो । त्यतिबेला टिकटकले आफूहरूसँग अन्तर्राष्ट्रिय मापदण्ड रहेको र नेपालका लागि पनि सोही मापदण्ड लागु हुने भनेको थियो । गत नोभेम्बरमा टिकटकले नेपाल दूरसञ्चार प्राधिकरणलाई पठाएको पत्रमा नेपालको कानुन मानेर नकारात्मक कन्टेन्ट हटाइरहँदा पनि प्रतिबन्ध गरिनु अभिव्यक्ति स्वतन्त्रता विपरीत भएको बताएको थियो । अहिले भने टिकटकले नेपाल सरकारले बनाएको मापदण्ड लागु गर्न आफू तयार रहेको बताएको हो । करिब दुई साताअघि टिकटकको टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेट गरेको थियो । भेटमा टिकटकका अधिकारीहरूले आफूहरू नेपाल सरकारले भनेअनुसार 'कन्टेन्ट फिल्टर' गर्न र अन्य गाइडलाइनहरू मान्न तयार रहेको बताएका थिए । टिकटकको टोलीले सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मालाई पनि भेटेको थियो ।

**कसरी फिल्टर गर्छ नेपाली कन्टेन्ट ?**

टिकटकले आफ्नो प्लेटफर्ममा अपलोड हुने नेपाली भाषाका भिडियो, अडियो, अक्षर र लाइभ सबै फिल्टर गर्न सक्ने सिस्टम विकास गरेको दाबी गरेको छ । "टिकटकले नेपाली भाषाको अडियो, भिडियो, अक्षर र लाइभ फिल्टर गर्ने सिस्टम बनाएको भनेको छ । त्यसमा हामीले नेपालीमात्रै नभएर नेपालभित्र बोलिने अन्य प्रमुख चार/पाँच भाषा पनि समेट्न भनेका छौं," प्रधानमन्त्रीका सूचना तथा प्रविधि (आईटी) विज्ञ प्रकाश रायमाझीले भने । उनका अनुसार सुरुमा अन्तर्राष्ट्रिय मापदण्ड नै नेपालको हकमा लागु हुने बताएको टिकटकले अहिले नेपाल सरकारको दिशानिर्देश मान्न तयार रहेको बताएको छ । 'कन्टेन्ट फिल्टर' सफल भए टिकटक माथिको प्रतिबन्ध हटाउने गरी सरकारले तयारी गरिरहेको उनले बताए । "प्रतिबद्धता गरेर मात्रै भएन । उसले विकास गरेको त्यो सिस्टमले काम गर्छ कि गर्दैन भनेर सरकारले परीक्षण गर्छ । परीक्षण सफल भयो, गलत किसिमका कन्टेन्ट फिल्टर हुने देखियो भने टिकटक खुलाउने सरकारको तयारी छ," प्रधानमन्त्रीका आईटीविज्ञ रायमाझीले भने । गाइडलाइन विपरीतका कन्टेन्ट हटाउन टिकटकले 'मानिस र मेसिनमा आधारित उपकरण'मा ठूलो लगानी गरेको बताएको छ । त्यसैअनुसार अश्लील, हिंसात्मक एवं सामाजिक सद्भाव बिगार्ने किसिमका नेपाली भाषाकै शब्द, आवाज र भिडियो ब्लक गर्ने वा हटाउने प्रविधि विकास गरेको टिकटकको दाबी छ । यसै प्रणालीलाई बलियो बनाउन टिकटकले नेपाली भाषी बजार विश्लेषकका लागि विज्ञापनसमेत खुलाएको छ । टिकटकमा कस्ता-कस्ता कन्टेन्ट फिल्टर गरेर हटाउने भन्ने निर्णय सरकारले गर्न सक्छ ।


**नेपालकै लागि भनेर छुट्टै सिस्टम बनाउन किन तयार ?**

प्रयोगकर्ताको संख्याका आधारमा विभिन्न देशको तुलनामा नेपाल टिकटकका लागि सानो बजार हो । नेपालको कुल इन्टरनेट ब्यान्डविथको झन्डै आधा हिस्सा टिकटकमै खपत हुने गरेको थियो । त्यसैले पनि टिकटकले नेपाललाई प्राथमिकतामा राखेर सरकारले भने अनुसार मान्न तयार भएको देखिन्छ । "नेपालको झन्डै ५० प्रतिशत इन्टरनेट ब्यान्डविथ टिकटकमा खपत हुने गरेको तथ्यांक उनीहरूले देखाएका थिए । त्यसै कारणले नेपालकै लागि भनेर छुट्टै कन्टेन्ट मोडरेसन टुल बनाउँन उनीहरू तयार भएको हुनुपर्छ," रायमाझीले भने । सञ्चारमन्त्री शर्माले पनि टिकटकले जथाभाबी कन्टेन्ट हटाउने गरी अल्गोरिदम विकास गरेपछि खुला गर्न सकिने बताउँदै आएकी छन् ।

प्रधानमन्त्री प्रचण्डले फागुन ६ गतेको प्रतिनिधिसभा बैठकमा बोल्दै टिकटक खुला गर्न सकिने टिप्पणी गरेका थिए । टिकटकका प्रतिनिधि नेपाल आएर सम्बन्धित निकायहरूसँग छलफल गरिरहेको बताउँदै उनले भनेका थिए, "टिकटकले गरेका प्रतिबद्धताहरूको व्यवहारिक कार्यान्वयनको सुनिश्चिता भएको खण्डमा यसलाई नियमित गर्न नसकिने हैन ।" यसअघि माघ अन्तिम साता टिकटकले नेपालको कानुनी प्रकिया मान्न र प्रत्यक्ष गुनासो राख्ने निकाय खोल्न तयार भएको प्रतिबद्धतासहित सञ्चार मन्त्रालयलाई पत्र पठाएको थियो । कम्पनीले थप नेपाली भाषी जनशक्ति राख्ने, देशव्यापी इन्टरनेट सुरक्षा अभियान र शैक्षिक विषवस्तु डिजिटलाइज गर्ने प्रतिबद्धता व्यक्त गर्दै टिकटक माथिको प्रतिबन्ध हटाउन आग्रह गरेको थियो ।

*-बाह्रखरी डटकम*

# यस्तो छ चन्द्रमा पुग्न शक्ति राष्ट्रबीचको रोचक दौड



आगामी केही वर्ष भित्रमा अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले मानिसलाई पुन: चन्द्रमामा पठाउने योजना बनाइरहेको छ । पछिल्लोपटक चन्द्रमामा अन्तरिक्षयात्री पठाएको ५० वर्षपछि नासाले पुन: मानव मिसन प्रक्षेपण गर्ने तयारी गरिरहेको छ । अमेरिकाका निल आर्मस्ट्रंग र बज अल्ड्रिनले सन् १९६९ मा पहिलोपटक चन्द्रमामा पाइला राखेका थिए । त्यसपछि नासाले एपोलो मिसन अन्तर्गत कुल १२ जना अन्तरिक्षयात्रीलाई चन्द्रमामा अवतरण गरायो । अमेरिकापछि रुस, चीन, भारत तथा जापानले आृना अन्तरिक्षयान, ल्याण्डर वा रोबरहरु चन्द्रमामा अवतरण गराउनका सफलता प्राप्त गरेका छन् । तर, अहिलेसम्म अमेरिका बाहेक अरु कुनै पनि देशले चन्द्रमामा मानिसलाई पठाउन सकेका छैनन् । यसैबीच अमेरिकाले आफ्नो आर्टेमिस कार्यक्रम अन्तर्गत पुन: अन्तरिक्षयात्रीको एक टोलीलाई चन्द्रमामा प्रक्षेपण गर्ने योजना बनाइरहेको छ । यस्तै योजना भारत र चीनले पनि बनाइरहेका छन् । चन्द्रमामा पुन: मानव पाइला टेकाउने प्रतिस्पर्धामा रहेका मुलुकहरुमध्ये कसले बाजी मार्ला ?

**चन्द्रमाको यात्रामा...**

सन् १९६१ मा अन्तरिक्षबाट फर्किंदैं गर्दा रूसी यात्री यूरी गागरिन । चन्द्रमामा जानका लागि सबैभन्दा आवश्यक हुन्छ रकेट प्रविधि । शीतयुद्धका बेला सोभियत संघ र अमेरिकाको बीचमा यो प्रविधिको प्रयोगबाट मानिसलाई अन्तरिक्षमा सबैभन्दा पहिले पठाउनका लागि प्रतिस्पर्धा सुरु भयो । सन् १९६१ मा सोभियत संघले युरी गागरिनलाई अन्तरिक्षमा पठाउनमा सफलता हासिल गऱ्यो । 'द इकोनोमिस्ट' का वरिष्ठ सम्पादक तथा 'द मून, अ हिस्ट्री फर द फ्युचर' पुस्तकका लेखक ओलिभर मोर्टनका अनुसार मानिसलाई चन्द्रमा वा अन्तरिक्षमा लैजानु एक जबरजस्त काम हो । यसबाट विश्वमा उक्त देशको शाख तथा शक्ति बढ्न जान्छ । त्यसैले सन् १९६१ मा सोभियत संघले अन्तरिक्षमा मानिसलाई पठाउन प्राप्त गरेको सफलताले अमेरिकामाथि दबाब बढ्यो । उनी भन्छन् त्यसपछि अमेरिकाले केही यस्तो गर्न चाहन्थ्यो जुन सोभियत संघको उपलब्धि भन्दा उत्कृष्ट होस् । त्यसैले चन्द्रमामा मानिस पठाउनु त्योभन्दा ठूलो उपलब्धि थियो । त्यसका लागि अधिक-शक्तिशाली रकेट आवश्यक थियो । चन्द्रमामा कदम राखेर अमेरिकाले संसारभर आफ्नो छाप छाड्न चाहन्थ्यो । सन् १९६९ मा अमेरिकाले एपोलो ११ अन्तरिक्षयानबाट दुईजना अन्तरिक्षयात्रीहरुलाई चन्द्रमामा अवतरण गराउनमा सफलता हासिल गऱ्यो । त्यसपछि दोस्रो एपोलो अभियानका माध्यमबाट दशजना थप अन्तरिक्षयात्रीलाई चन्द्रमामा पठाउन अमेरिका सफल भयो । त्यो केवल एउटा ठूलो वैज्ञानिक उपलब्धि मात्र थिएन अमेरिकाका लागि एउटा राजनीतिक उपलब्धि पनि थियो । दुनियाँमा दुईजना मानिसहरु चन्द्रमामा हिंडिरहेको तस्वीर फैलियो । तर मानिसहरुलाई सबैभन्दा धेरै आकर्षण गऱ्यो, एउटा अर्को तस्वीरले । ओलिभर मोर्टनले भनेका छन्, 'निश्चित रुपमा चन्द्रमामा निल आर्मस्ट्रंग र बज अल्ड्रिनको तस्वीर संसारभर छायो । तर, जुन तस्वीरले आम मानिसहरुको मनमा डेरा जमायो, त्यो चाहिं चन्द्रमाबाट देखिने पृथ्वीको उदयको तस्वीर थियो । त्यो एउटा जिवित ग्रहको चम्किलो तस्वीर थियो, जसको पोस्टर मानिसहरुले आफ्नो घरमा टाँगेर राखे । सोभियत संघले कहिल्यैपनि चन्द्रमामा मानिस पठाउन सकेन । तर सन् १९७० को दशकमा मानिसको अन्तरिक्ष यात्राको महत्व किन कम भयो ? ओलिभर मोर्टनको विचारमा अमेरिकाले यसमा पहिले नै जित हासिल गरिसकेको थियो । एक दुई पटक त्यहाँ मानिसलाई पठाएर अध्ययन पनि गरिसकेको थियो । त्यसैले अमेरिकाका त्यो त्यसको महत्व कम भयो र उसले उक्त मिसन बन्द गरिदियो । तर अहिले लाग्दैछ कि अन्तरिक्षयात्रीहरुले पुन: आफ्नो सिटबेल्ट कस्ने समय आएको छ । यस पटक अमेरिकाका लागि अन्य देशहरुले भन्दा पहिले मानिसलाई चन्द्रमामा पठाउने दौड सम्भवत: कठिन बनेको छ । किनकि यसपटक अन्य प्रतिस्पर्धीहरुसँग उसको कडा प्रतिस्पर्धा हुनसक्छ ।

**चन्द्रमा सम्मको दौड**

स्पेश एक्सको अन्तरिक्ष केन्द्र । पछिल्ला केही वर्ष देखि अमेरिका र चीनको बीचमा तनावपूर्ण सम्बन्ध रहदैं आएको छ । तर यी दुई मुलुकहरुले अब आफ्नो प्रतिस्पर्धालाई पृथ्वीभन्दा अगाडि बढाउदैं अन्तरिक्षसम्म लगिरहेका छन् । प्रविधिसम्बन्धी वेबसाइट आर्स टेक्निकाका अन्तरिक्ष मामिलासम्बन्धी वरिष्ठ सम्पादक एरिक बर्गरका अनुसार अमेरिका र चीनले आगामी पाँच-दश वर्षमा मानव मिसनलाई चन्द्रमामा पठाउने तयारी गरिरहेका छन् । त्यसका लागि दुवैले अन्तर्राष्ट्रिय साझेदारहरुसँगको सहकार्य सुरु गरिसकेका छन् र यसको प्रत्यक्ष सम्बन्ध राजनीतिसँग छ । विज्ञका अनुसार चन्द्रमा यसकारण व्यवहारिक लक्ष्य हो किनकि उसको सतहमा गुरुत्वाकर्षण कम छ । यो पृथ्वीको नजिक छ भने त्यहाँ पुग्नमा तीन दिन लाग्दछ । जबकि मंगल ग्रहसम्म पुग्नका लागि ६ देखि ८ महिनासम्म लाग्दछ । चन्द्रमामा पुग्ने यस दौडको कुरा गर्नु अघि यसमा रहेका व्यापक प्राविधिक कठिनाइहरुको बारेमा कुरा गर्नु आवश्यक छ । सबैभन्दा ठूलो चुनौती भनेको रकेटलाई अन्तरिक्षमा लैजानु, अन्तरिक्षयात्रीलाई विकिरणबाट बचाउनु र चन्द्रमाको सतहमा सुरक्षित अवतरण गर्नु हो । एरिकका अनुसार यसभन्दा पनि ठूलो कठिनाइ चाहिं सो रकेटलाई पृथ्वीमा फिर्ता ल्याउनका लागि चन्द्रमामा उसलाई पुन: प्रक्षेपण गर्नु हो । उनी भन्छन् जब हामीले पृथ्वीबाट रकेट प्रक्षेपण भएको देख्छौं तब काउन्ट डाउन हुन्छ र रकेटको मुनि तरल इन्धनको आगो निस्किन्छ । यदि कुनै समस्या पत्ता लागेमा मिसनलाई नै रोकिन्छ । चन्द्रमामा सबै कुरा स्वचालित हुनुपर्छ । साथै जब रकेट पृथ्वीको कक्षमा प्रवेश गर्दछ तब उसको गति धेरै हुन्छ । त्यसबाट पैदा हुने तापक्रमबाट रकेटको सुरक्षित राख्नका लागि अत्यन्तै बलियो हिट शिल्ड हुनु आवश्यक हुन्छ । यिनै कठिनाइहरुलाई मध्यनजर गर्दै अन्तरिक्षयात्रीहरुको ज्यान तथा जनताको अर्बौं डलरलाई पुन: दाउमा लगाउनु के आवश्यक छ ? सायद यसकारण कि अब यो दौडको स्वरुप बदलिएको छ । अहिले सवाल यो होइन कि सबैभन्दा पहिले कसले मानिसलाई चन्द्रमामा पुऱ्याउन सक्दछ ? मूल प्रश्न त यो छ, कसले सबैभन्दा पहिला यस्तो प्रविधि बनाउन सक्छ जसको मद्दतले मानिस चन्द्रमामै बस्न सकोस् र त्यसको फाइदा उठाउन सकोस् । अर्थात् लडाइँ यो कुराको छ कि कसले सबैभन्दा पहिले चन्द्रमामा मानव बस्ती बसाउनेछ ? एरिक बर्गरका अनुसार सबैभन्दा धेरै रुचि चाहिं चन्द्रमाको दक्षिणी ध्रुवमा छ किनकि त्यस क्षेत्रका गर्तहरु सदैव अँध्यारोमा रहन्छन् । वैज्ञानिकहरुको अनुमान छ कि त्यहाँ बरफ हुनसक्छ, जुन निकै महत्वपूर्ण संसाधन बन्नसक्छ । वैज्ञानिकहरुले सयौं किलोमिटरको क्षेत्रफलको उक्त इलाकामा शोधकेन्द्र स्थापना गर्न चाहन्छन् । यो एउटा सानो इलाका हो, त्यसैले यसमाथि नियन्त्रणको विषयलाई लिएर विवाद हुनसक्छ । यसको प्राविधिक या राजनीतिक फाइदा के होला ? एरिक बर्गरका अनुसार यो मानिसहरुको मस्तिष्कमा छाप छाड्ने होडबाजी हो, जसमा अमेरिका र चीन मुख्य प्रतिद्वन्द्वी रहेका छन् । उनका अनुसार पछिल्लो २० वर्षमा चीनले यो दिशामा ठूलो प्रगति रहेको छ । उसले अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन जस्तो एउटा सानो मोड्युल तयार पारेको छ । चीनले मंगल ग्रहमा आफ्नो मिसनका क्रममा केवल मंगलको कक्षमा परिक्रामा गर्नेमात्र होइन कि त्यसको सतहमा अवतरण गर्ने सफलता पनि प्राप्त गरेको छ, जुन एउटा ठूलो उपलब्धि हो । चीन सन् २०३० सम्ममा चन्द्रमामा आफ्नो एउटा आधार क्षेत्र अर्थात् बेस बनाउन चाहन्छ । जबकि अमेरिका चाहिं सन् २०२८ सम्ममा नै सो काम गर्न चाहन्छ । यद्यपि उसको यो मिसनमा पहिले नै ढिलाइ भएको छ । त्यस्तै अमेरिका आफ्नो यो मिसनको सफलताको लागि अर्बपति एलन मस्क र उनको कम्पनी स्पेस एक्समा निर्भर छ । एरिक बर्गरको विचारमा स्पेस एक्सले नासाका लागि बनाइरहेको स्टारशिप अन्तरिक्षयान विना यो सम्भव हुनेछैन । अमेरिका र चीन अन्तरिक्षमा खोज अभियानका लागि निजी क्षेत्रका कम्पनीहरुको साथमा मिलेर काम गरिरहेका छन् ।

**चन्द्रमामा व्यापारको सम्भावना**

स्पेस एक्सका सीईओ एलन मस्क । मानिसलाई चन्द्रमामा उतारेर त्यहाँ केही समयसम्म रोकिएर शोध गर्नका लागि विभिन्न प्रकारका प्रविधिहरुको आवश्यकता पर्नेछ । यसमा विभिन्न देशहरुको रुचि छ । अमेरिकाले ३० भन्दा धेरै देशहरुसँग मिलेर एउटा सम्झौता गरेको छ । जसमा चन्द्रमामा अनुसन्धान र तयहाँ विद्यमान स्रोत साधनको प्रयोगका लागि सरकार तथा निजी कम्पनीहरुका लागि नियम तथा नीतिहरु तय गरिएको छ । बेलायतको नर्थ उम्ब्रिया विश्वविद्यालयमा अन्तरिक्षसम्बन्धी नीति तथा नियम विषयका प्राध्यापक क्रिस्टोफर न्यूमन भन्छन् विश्वभरका कम्पनीहरुको आशा छ कि अमेरिका र उसको आर्टेमिस परियोजले यस क्षेत्रमा नेतृत्व प्रदान गर्नेछ । उनका अनुसार विभिन्न देश तथा कम्पनीहरुले चन्द्रमामा विकास गरेर त्यहाँ उपलब्ध स्रोत साधनको दोहन गर्न चाहन्छन् । त्यसैले उनीहरुले अमेरिकासँग सम्झौता गरेका छन् । त्यही प्रकारले विभिन्न अन्य केही देशहरु तथा त्यहाँका निजी कम्पनीहरुले चीनसँग यस क्षेत्रमा साझेदारी गरिरहेका छन् ताकि चन्द्रमामा संरचनाको विकास गरेर पैसा कमाउन सकियोस् । चीनले दश वर्षअघि आफ्नो अन्तरिक्ष उद्योग निजी कम्पनीहरुका लागि पनि खुल्ला गरेर यस दिशामा ठूलो सफलता हासिल गरिसकेको छ । तर, यो उद्योगका सबैभन्दा प्रमुख व्यक्ति अहिले पनि एलन मस्क नै हुन्, जसको कम्पनीलाई नासाको आर्टेमिस मिसनका लागि चन्द्रमामा अवतरण गर्ने अन्तरिक्षयान बनाउने जिम्मेवारी सुम्पिइएको छ । उनी भन्छन् एलन मस्क आफ्नो स्पेसशिप परियोजनाका माध्यमबाट यो देखाउन चाहन्छन् कि उनी मानव भविष्यको दिशा तय गर्नमा सामेल छन् । *-अनलाइन खबर डटकम*

# रामपुरमा सञ्चालित मेलमिलाप सम्बन्धी तालिम सकियो



**पाल्पा,** फागुन २१/जिल्लाको रामपुर नगरपालिका भित्र सञ्चालित आठ दिवसीय मेलमिलाप सम्बन्धी आधारभूत तालिम सकिएको छ । रामपुर नगरपालिकाको आयोजनामा मेलमिलापकर्ताहरुका लागि भएको तालिम सकिएको हो ।

नगरपालिकाका वडाहरुमा हुने विभिन्न विवाद मेलमिलापका लागि मेलमिलापकर्ताहरुलाई तालिम दिइएको नगरपालिकाले जनाएको छ । 'हाम्रो समस्या हाम्रै समाधान: मेलमिलाप' भन्ने नाराका साथ तालिम दिइएको हो । नगरकापालिकाका १० वटै वडाबाट सिफारिस भई आएका मेलमिलापकर्ता र जनप्रतिनिधिहरुलाई तालिम दिइएको छ । उनीहरुलाई मेलमिलाप सम्बन्धी प्रचलित कानुनी व्यवस्था, मेलमिलापको प्रक्रियाका आधारभूत चरण, सामाजिक न्याय,मानव अधिकार, लैंगिक समानता, सामाजिक समावेशीकरण, महिला अधिकार लगायतका विषयमा जानकारी दिइएको थियो । समापनका अवसरमा तालिममा सहभागीहरुलाई प्रमाणपत्र वितरण समेत गरिएको छ । नगर प्रमुख रमणबहादुर थापाले तालिममा सहभागी मेलमिलापकर्ताहरुलाई प्रमाणपत्र वितरण गरेका हुन् । प्रमाणपत्र हस्तान्तरण गर्दै उनले वडाका सबै नागरिकलाई न्यायको अनुभूति दिने गरी काम गर्न सहभागीहरुलाई आग्रह गरे । उनले विचार र आस्था फरक भए पनि मेलमिलाप र न्याय सम्पादन इमानदारिताका साथ गर्नुपर्नेमा जोड दिए ।

नगर प्रमुख थापाले भने 'कुनै पनि मुद्दा मामिला माथिल्लो निकायमा नजाने गरी मेलमिलापकर्ताको अधिकारको पूर्ण प्रयोग गर्दै काम गर्नुपर्छ ।' उपप्रमुख बालकुमारी थापाले ईमान्दारिताका साथ हरेक विवादलाई मेलमिलाप मार्फत निरुपण गर्न आवश्यक रहेको धारणा व्यक्त गरिन् । उनले मेलमिलापकर्ताको क्षेत्राधिकार भित्र रहेर गाँउ टोलमा हुने विवाद र मुद्दालाई समाधान गर्न समेत आग्रह गरिन् । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले निष्पक्ष रुपमा न्याय सम्पादन गरेर मेलमिलापयुक्त नगर बनाउनु पर्नेमा जोड दिए ।

रामपुर नगरपालिकाका प्रवक्ता कपिल बहादुर खाँणले तालिमबाट सैद्धान्तिक उपलब्धि प्राप्त भएकाले अब गाउँ समाजमा गएर सिकेका कुरालाई व्यवहारमा उतार्नुपर्ने बताए । तालिमका प्रशिक्षक हरिप्रसाद पण्डितले तालिममा सिकेका कुरा तालिममा मात्र सिमित नराखी व्यक्तिगत र सामाजिक जीवनमा प्रयोग गर्न सहभागीहरुलाई आग्रह गरे । तालिममा ३० जना मेलमिलापकर्ताहरुको सहभागिता रहेको थियो । तालिमको सहजिकरण अधिवक्ता द्रय गीता आचार्य र हरि प्रसाद पाण्डितले गरेका थिए । उपप्रमुख तथा न्यायीक समितिका संयोजक बालकुमारी थापाको अध्यक्षतामा, न्यायिक समिति सचिवालय सचिव पार्वती परियारको सञ्चालनमा तालिम समापन कार्यक्रम भएको थियो ।

खेलकुद समाचार

## भुटानलाई हरायो नेपालले

**काठमाडौं,** फागुन २१/साफ यू-१६ महिला च्याम्पियनसिप फुटबल प्रतियोगितामा नेपालले पहिलो जित हासिल गरेको छ । नेपालले सोमबार खेलिएको आफ्नो दोस्रो खेलमा भुटानलाई ३-० गोलले हराएको हो ।

जितसँगै नेपालले प्रतियोगिताको फाइनलमा पुग्ने सम्भावना कायमै राखेको छ । नेपाली टोली यसअघि खेलिएको आफ्नो पहिलो खेलमा बंगलादेशसँग ०-२ गोलले पराजित भएको थियो । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार खेलिएको खेलमा नेपालले तीनवटै गोल पहिलो हाफमा गऱ्यो । नेपालका लागि पूजा गिरी, भूमिका बुढाथोकी र ग्यान्सु डोल्मा लोले एक-एक गोल गरे । जारी प्रतियोगितामा नेपाल, भारत, बंगलादेश र भुटान गरी चार राष्ट्रको सहभागिता रहेको छ । लिग चरणपछि अंक तालिकाको माथिल्लो दुई स्थानमा रहने टोली प्रतियोगिताको फाइनलमा पुग्नेछन् । हाल एक खेल खेलेको भारत तीन अंकसहित तालिकाको पहिलो स्थानमा आसिन छ । भारतले आफ्नो पहिलो खेलमा भुटानलाई ७-० गोलको फराकिलो अन्तरले हराएको थियो । यसैगरी दुई खेल खेलेको नेपाल तीन अंकसहित तालिकाको दोस्रो स्थानमा छ । एक खेल खेलेको बंगलादेश तीन अंकसहित तालिकाको तेस्रो स्थानमा आसिन छ । प्रतियोगिताको लिग चरणमा नेपालले आफ्नो तेस्रो तथा अन्तिम खेल आगामी बिहीबार भारतसँग खेल्नेछ । त्यसअघि आज (मंगलबार) भारत र बंगलादेशबिच खेल हुनेछ । लिग चरणको अन्तिम खेल भने शुक्रबार बंगलादेश र भुटानबिच खेलिने छ । प्रतियोगिताको फाइनल खेल मार्च १० तारिखमा खेलिने छ ।

अर्थ/कर्पोरेट समाचार

## नेप्से ६ प्रतिशतले बढेपछि कारोबार स्थगित



**पाल्पा,** फागुन २१/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक ६ प्रतिशतले बढेपछि शेयर कारोबार स्थगित भएको छ । सोमबार बजार खुले लगत्तै परिसूचक चार प्रतिशतले वृद्धि भएको थियो ।

नेपाल स्टक एक्सचेञ्ज (नेप्से)का अनुसार ४ प्रतिशतले बजार बढेपछि पहिलो पटकका लागि २० मिनेटका लागि कारोबार स्थगित गरिएको थियो । त्यसपछि खुलेको बजारमा परिसूचक पाँच प्रतिशतले बढेपछि दोस्रो पटक ४० मिनेटका लागि कारोबार स्थगित गरिएको थियो । नेप्सेका प्रवक्ता मुरहरि पराजुलीका अनुसार पुन:कारोबार सुरु भएपछि नेप्से परिसूचकमा ६ प्रतिशतको वृद्धि भएपछि आजको कारोबार स्थगित भएको हो । आजको कारोबारमा नेप्से परिसूचक एक सय १७ दशमलव ७० अंकले उकालो लागेर दुई हजार ७८मा पुगेको छ । विभिन्न पाँच कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सोमबार विभिन्न दुई सय ३७ कम्पनीका नौ लाख ३४ हजार नौ सय १९ कित्ता शेयर रु ३७ करोड ५२ लाख नौ हजार नौ सय ७८ मूल्यमा कारोबार भएका छन् । कारोबार भएकामध्ये दुई सय ३० कम्पनीको शेयर मूल्य उकालो लाग्दा दुई कम्पनीको मात्रै शेयर मूल्य घटेको छ ।

# वैदेशिक रोजगारीबाट फर्की....

...खेती गर्ने कोही छैनन्' कार्कीले भने, 'गत वर्ष सुन्तला र कागती बारीमा लगाएँ । वरपर रहेका अनावश्यक रुख र झाडीले ती बिरुवा बढ्न पाएनन् । अहिले वडा कार्यालयको प्राविधिक सहयोगमा रुख फँडानी भइरहेको छ । अधिकांश झाडीले भरिएको जग्गामा सुन्तला खेती गर्न थालिएको छ ।' कार्कीले आफ्नो १५ रोपनी खेत तथा बारीमा सुन्तला र कागतीखेती विस्तार गर्नका लागि सबै झाडी हटाएर खाली गरेको जानकारी दिए । सुन्तला गाउँका रुपमा चिनिएको सिगानभित्रको सायकोट गाउँमा यसअघि व्यावसायिक सुन्तलाखेती हुन सकेको थिएन । सुन्तलाबाटै वार्षिक तीन करोड भित्र्याउने सिगानको बेसी, ढोकानफाँट, बाँस्बोट र कोरीखोलालगायत गाउँमा व्यावसायिक सुन्तलाखेती उत्पादन हुँदै आएका छन् । 'सिगाना सुन्तला गाउँका रुपमा चिनिए पनि सायकोटमा व्यावसायिक खेती भएको छैन । यहाँ गत वर्षदेखि सुन्तला लगाउन थालिएको हो । सुन्तलाखेती फस्टाउन बाझो जग्गाको झाडी फँडानी गर्ने, कुकाठ हटाउने काम भएको छ । यसले खेती विस्तारमा टेवा पुग्नेछ', स्थानीय सूर्य कार्कीले भने 'गाउँ-गाउँमा ग्यासको प्रयोग बढेपछि दाउराको प्रयोग कम हुँदा वन जंगल बढेर घरसम्मै आउन थालेपछि रुख र झाडी फँडानी गरेर सुन्तला लगाउन अभियान थालिएको हो ।' बागलुङ-८ सिगानास्थित वडा कार्यालयले रुख फँडानीमा सघाएर किसानलाई सुन्तलाखेती विस्तार गर्ने योजनामा चालु आर्थिक वर्षमा एक लाख ५० हजार बजेट विनियोजन गरेको छ । उक्त रकमले एक हजार रोपनी जग्गाका रुख बिरुवा हटाउन सक्ने भन्दै हालसम्म पाँच रोपनी खेतीयोग्य जग्गाका रुख बिरुवा हटाइसकिएको वडा ८ का वडाध्यक्ष छमबहादुर कार्कीले जानकारी दिए । उनले कटान गरेका रुख व्यवस्थापन भने स्वम् जग्गाधनीले गर्दै आएकाले थोरै रकमले धेरै काम गर्न सकिएको बताए ।

खेतीयोग्य जग्गामा ढाकिएको उत्तिस, चिलाउने, मल्लात्तो र बाँसघारी लगायत झाडी तथा साना रुख हटाएर सुन्तलाखेती गर्ने अभियान अहिले बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकाले समेत चलाएको छ । खेतीयोग्य जग्गा बाँझिदै गएपछि उम्रिएका रुख बिरुवाले फलफुल तथा नगदेबाली गर्न कठिनाई भएपछि अहिले खेतबारीमा रहेका रुख हटाउने अभियानले तीव्रता पाएको स्थानीय बताउँछन् । -रासस

## नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



**सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की जिल्ला पाल्पा साविक तानसेन नगरपालिका वडा नं. ७ हाल तानसेन नगरपालिका वडा नं. ५ निवासी भारतिय भू.पू. सैनिक नं. JC ६१२४८९ N का हरी बहादुर थापाको श्रीमती धनी सरा मगर्नीको नेपाली नागरिकताको प्रमाणपत्रमा धन सरा वरई थापा, उल्लेख भई अभिलेखमा फरक-फरक नामथर भएता पनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरो सर्वसाधारण सबैमा सूचित गरिन्छ ।**

Rampur Municipality
Office of the Municipal Executive
Rampur, Palpa

## Invitation for Bids

**Date of Publication: 2080-11-22(2024-03-05)**

**1.** Rampur Municipality invites electronic bids from eligible bidders for the procurement of below mentioned Works.

**2.** Eligible Bidders may obtain further information and inspect the bidding documents at the www.bolpatra.gov.np/egp.

**3.** The name and identification of the contract are as follows:

| Contract No. | Contract Name | Last date & time of Bid document Purchasing. | Last date & time of Bid document Submission. | Bid Opening date & time | Estimated Amount, NRs.(Including VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|---|---|---|---|
| RMO/WORK/NCB/19/080/081 | Sadabarta Bangepasal Bejhadkhet hundai Kisanbari Dumrigaun Bijayapur Mo. Ba. Mamat | 2080/12/22 2024/04/04 12:00 hrs. | 2080/12/22 12:00 hrs. | 2080/12/22 14:00 hrs. | 97,42,644.11 | 2,50,000.00 | 3000.00 |
| RMO/WORK/NCB/20/080/081 | Construction work of Kaligandaki Foot Trail throughout the Rampur Municipality Area. | 2080/12/22 2024/04/04 12:00 hrs. | 2080/12/22 12:00 hrs. | 2080/12/22 14:00 hrs. | 11,475,803.11 | 2,90,000.00 | 3000.00 |

**4.** The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

***Chief Administrative Officer***

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई